नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

## बाढी प्रभावित बालबालिकाको प्रारम्भिक प्रतिवेदन, २०८३

### पृष्ठभूमि

वि.सं. २०८३ साल भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण नुवाकोट र रसुवा जिल्लाका होल्डिङ सेन्टर तथा घरमा रहेका, नुवाकोट र रसुवाबाट विस्थापित भई काठमाडौंका विभिन्न गुम्बामा आश्रित बालबालिकाको तथ्याङ्क विवरणको लेखाजोखा गरी यो प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा उल्लिखित स्थानको मिति २०८३ साल असोज १२ गतेसम्म सङ्कलन गरिएको तथ्याङ्कको लेखाजोखा गर्दा प्राप्त बाढी प्रभावित ५८४ जना बालबालिकाको विवरण देहाय बमोजिम रहेकोछः-

### १. बाढीबाट प्रभावित बालबालिकाको अवस्था तथा पारिवारिक स्थिति विवरण

| पारिवारिक स्थिति | नुवाकोट | रसुवा | विस्थापित भै काठमाडौंका तीन वटा गुम्बामा रहेका | कूल जम्मा |
|---|---|---|---|---|
| बुबाआमा दुवै गुमाएका/ सम्पर्कविहीन | २८ | ०२ | ११ | ४१ |
| आमा गुमाएका/सम्पर्कविहीन | ३९ | ०९ | १९ | ६७ |
| बुबा गुमाएका/सम्पर्कविहीन | ३२ | २३ | १०६ | १६१ |
| बुबाआमा दुवै जीवित भएका | १२३ | ४२ | १५० | ३१५ |
| **जम्मा** | **२२२** | **७६** | **२८६** | **५८४** |

## २. अवस्था विश्लेषण

- **भौगोलिक अवस्थिति अनुसारको बालबालिकाको संख्याः** लेखाजोखा गरिएका ५८४ जना बालबालिकामध्ये सबैभन्दा ठूलो हिस्सा बाढी प्रभावित ठाउँबाट विस्थापित भै विशेष गरी रसुवाबाट काठमाडौं जिल्लाका तीवटा गुम्बाहरू (पहेलो/गोसोक, मुस्ताङ र नुब्रो समाज गुम्बा)मा ४९% आश्रित रहेका पाइएको छ। नुवाकोट जिल्लामा आश्रित रहेका ३८% मा पनि धेरै जसो रसुवा जिल्लाका बालबालिका रहेका छन् भने रसुवा जिल्लामा १३% बालबालिका प्रभावित भएका पाइएका छन्। यसले उद्धार र राहतको आधाआधी भार शहरी क्षेत्रका धार्मिक/सामाजिक संघ संस्थाहरूमा रहेको देखाउँछ।
- **बाबुआमा, बुबा र आमा बिछोडको अवस्थाः** बाबुआमा गुमाएका बालबालिका ४१ जन रहेका छन् भने आमा मात्र गुमाएका बालबालिका ६७ जनाको तुलनामा बुबा गुमाएका बालबालिकाको संख्या १६१ जना रहँदा साढे दुई गुणाले आमा गुमाउने भन्दा बाबु गुमाउने बढी छन्। यसको मुख्य कारण आमाभन्दा बुबा रोजगारीमा रहने र विशेष गरी बाढी आएको समयमा बाढी प्रभावित क्षेत्रको हाइड्रोपाउन लगायतका रोजगारी क्षेत्रमा बुबा/पुरुष रकार्यरत रहनु हो।
- **लैङ्गिक अवस्थाः** कूल तथ्याङ्क विश्लेषण गर्दा बालकको संख्या ५१.५% र बालिकाको संख्या ४८.५% रहेको छ। संख्यात्मक सन्तुलन देखिए तापनि सुरक्षा र आश्रयस्थलको व्यवस्थापनमा बालिकाहरूका लागि विशेष बालमैत्री पूर्वाधार आवश्यक देखिन्छ।
- **सम्भावित जोखिम अवस्थाः** कूल बालबालिकामध्ये बाबुआमा दुबै गुमाएका ७% (४१ जना) अत्यन्तै संवेदनशील उच्च जोखिम समूहमा छन्, जसलाई तत्काल कानूनी संरक्षण र दीर्घकालीन संरक्षणको आवश्यकता रहेको पाइएको छ भने मध्यम जोखिममा ३९% (२२८ जना) र न्यून जोखिम (बाबुआमा वा बाबु वा आमासँगै अस्थायी रुपमा विस्थापित भएर)मा ५४% (३१५ जना) रहेका छन्।
- द्रूत लेखाजोखा प्रतिवेदनमा १,२३३ जना बालबालिका विभिन्न ३० वटा होल्डिङ्ग सेन्टरमा रहेको र सोमध्ये १०२ जनाका बाबुआमा दुबै गुमाएका र बाबु वा आमा गुमाएका ४३९ रहेको पाइएकोमा यस प्रतिवेदनमा ५८४ जना बालबालिकाको लेखाजोखा गर्दा ४१ जनाका बाबुआमा दुबै गुमाएका र बाबु वा आमा गुमाएका २२८ गरी २६९ जना बालबालिकाले बाबुआमा वा दुईमध्ये कुनै एक गुमाएको पाइएको छ। यसैगरी बाबुआमासँगै होल्डिङ सेन्टरमा रहेका ६९२ जना बालबालिका रहेको द्रूत लेखाजोखा प्रतिवेदनमा रहेको पाइएकोमा यस प्रतिवेदनमा ३१५ जना बालबालिकाका बाबुआमा दुबै जीवित भएको तथ्याङ्क रहेकोछ।
- संख्याको हिसाबले विश्लेषण गर्दा द्रूत लेखाजोखा प्रतिवेदनमा १,२३३ जनामा ५४१ जना बालबालिकाले बाबुआमामध्ये दुबै वा कुनै एक गुमाएकोमा अवस्थामा ५८४ जनाको लेखाजोखा गर्दा  २६९ जना बालबालिकाले बाबुआमामध्ये दुबै वा कुनै एक गुमाएको पाइएको छ।

- द्रूत लेखाजोखा प्रतिवेदनमा उल्लिखित १,२३३ जना बालबालिकामध्ये ६९२ जना बालबालिका बाबुआमासँगै आश्रित भएको पाइएकोमा यस प्रतिवेदनमा ३१५ जना बालबालिका बाबुआमा दुबै जीवित भएकोमा अन्य बालबालिका बाबुआमासँगै घर परिवारमा गएको भन्न सकिने अवस्था रहेजस्तै ५४१ जना बालबालिकाले बाबुआमामध्ये दुबै वा कुनै एक गुमाएकामध्ये बाँकी २७२ जना बालबालिका द्रूत लेखाजोखा गर्दा दोहोरिएर गन्ति भएको तथा होल्डिङ सेन्टरबाट परिवारका अन्य सदस्यसँगै घर परिवारमा गएको हुन सक्ने देखिन्छ र यसका लागि सबै बालबालिकाको अवस्थाको लेखाजोखा भएपछि मात्र थप विश्लेषण गर्न सकिन्छ। यसकारण बाढीबाट प्रभावित भएर होल्डिङ सेन्टरमा बसेका सबै परिवाजन तथा बालबालिकाको विस्तृत लेखाजोखा गर्नु आवश्यक छ।

## ३. चुनौतीहरू

- **स्वास्थ्य समस्या र अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि चुनौती**ः तथ्याङ्कमा समेटिएका बालबालिकामध्ये कतिपयमा कडा निमोनिया, फोक्सोको शल्यक्रिया (मिङमार डिकी तामाङ), मुटुरोग (सबिन तामाङ - रसुवा), र अटिजम (पवन सिंह तामाङ) जस्ता स्वास्थ्य समस्या र अपाङ्गता भएका बालबालिका तुलनात्मक रुपमा बढी प्रभावित भएका देखिएका छन्।
- **कागजातको क्षति**ः बाढीले घर बगाउँदा उल्लेख्य संख्यामा बालबालिकाको जन्मदर्ता प्रमाणपत्र नष्ट भएको छ, जसले गर्दा उनीहरूको कानुनी पहिचान, राज्यबाट प्राप्त हुने राहत र विद्यालय भर्ना प्रक्रियामा बाधा पुग्ने देखिन्छ।
- **सामाजिक संरक्षण र दुर्व्यवहारको जोखिम हुन सक्ने**ः काठमाडौंको एउटा गुम्बामा आश्रित एक जना बालिकाले जातीय विभेद तथा दुर्व्यवहारको भोगेको प्रतिवेदनमा उल्लेख छ। यस्ता घटनाहरु यस्ता आश्रयस्थलहरूमा घटनबाट रोक्ने वातावरण सिर्जना गर्नु र तत्काल सम्बोधन गर्नु गराउनु आवश्यक छ।

## ४. निष्कर्ष तथा सिफारिसहरु

- **सर्वोत्तम हितलाई प्राथमिकता दिई संरक्षण तथा व्यवस्थापन गर्नु पर्नेः-** बाबुआमा दुबै गुमाएका र दुईमध्ये एक गुमाएका बालबालिकालाई परिवार भएसम्म परिवारलाई नै आवश्यक सहयोग गरी दीर्घकालीन संरक्षण तथा व्यवस्थापन गर्नु पर्ने, परिवारमा नै संरक्षण व्यवस्थापन गर्न सकिने अवस्था छैन भनेमात्र वैकल्पिक हेरचाहको व्यवस्था अनुरुप प्राथमिकताक्रम अनुसार नातेदार तथा इच्छुक व्यक्ति/परिवार हेरचाह तथा संरक्षणको व्यवस्था गर्नु पर्ने, यसपछि मात्र परिवारमा आधारित हेरचाह गर्ने संस्था तथा संस्थागत हेरचाह र संरक्षणको व्यवस्था मिलाउने,
- **तत्काल मनोसामाजिक उपचार**ः बाढीको प्रत्यक्ष आघात भोगेका र परिवार गुमाएका बालबालिकालाई यथाशिघ्र मनोसामाजिक परामर्श उपलब्ध गराउने,

- **कानूनी तथा शैक्षिक सहायताः** जन्मदर्ता/नागरिकता प्रमाणपत्र गुमाएका बालबालिकालाई स्थानीय तहबाटै द्रुत प्रक्रियामा निःशुल्क प्रतिलिपि दिने र शैक्षिक सत्र खेर जान नदिन पढाई लेखाईलाई निरन्तरता दिने,
- **अभिमूखिकरण तथा समन्वय र सहजीकरणः** सम्बन्धित परिवारका सदस्य, स्थानीय तह तथा स्थानीय बाल अधिकार समितिका पदाधिकारीलाई नेपाल सरकार र सम्बन्धित प्रदेश सरकारका सरोकारवाला निकायहरुबाट बाल अधिकारको सम्मान र संरक्षण तथा बालबालिकाको सर्वोत्तम हित हुने गरी अभिमूखीकरण तथा समन्वय र सहजीकरण गर्ने।

✓ प्रकाशन मितिः २०८३/०६/२२